नेपाल सरकार
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**सहकारी विभाग, नयाँ बानेश्वर, काठमाडौं ।**

# आशयपत्र (Expression of Interest) माग गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७६।०५।०४

यस विभागको चालु आ.व. २०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायको कार्यको लागि परामर्श सेवा खरिद गर्नु परेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० (१) बमोजिम परामर्श सेवा दिन इच्छुक फर्म, संस्था वा कम्पनीले सो सम्बन्धी आशयपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेस गर्नुहुन आव्हान गरिएको छ ।

१. आशयपत्र पेस गर्न इच्छुक फर्म, संस्था वा कम्पनीले सहकारी विभाग, नयाँ बानेश्वर, काठमाडौँमा मिति २०७६।०५।१८ गते कार्यालय समयभित्र पेस गर्नुपर्नेछ र सो दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा पेस गर्नु पर्नेछ,

२. आशयपत्रदाताले देहायका विवरण तथा कागजात पेस गर्नु पर्नेछः-
   - दुई वा दुईभन्दा बढी फर्म वा कम्पनीले समूह, सङ्गठन वा संयुक्त उपक्रमको रूपमा परामर्श सेवा दिने भए त्यस्ता फर्म वा कम्पनीको नाम, ठेगाना, विवरण तथा मुख्य भई काम गर्ने फर्म वा कम्पनीको नाम,
   - फर्म वा कम्पनीको विवरण, सङ्गठन र कर्मचारी विवरण,
   - विगत सात वर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम र स्थानको विस्तृत विवरण,
   - प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण र
   - प्रचलित कानुन बमोजिम परामर्श सेवा दिने गरी दर्ता भएको अनुमति पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण, आव २०७४/७५ को करचुक्ता प्रमाण (आ.व. २०७५/७६ को कर चुक्ता गरिसकेको भए सो आ.व.को) लगायतका कानुनी कागजात ।

३. यस सूचना बमोजिम पर्न आएका आशयपत्रदाताको योग्यता, अनुभव र क्षमता समेतको मूल्याङ्कन, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७०(५) बमोजिम विभागले तोकेको आधार बमोजिम, गरी परामर्श सेवा दिन सक्ने योग्य आशयपत्रदाताहरूको संक्षिप्त सूची तयार गरिनेछ,

४. संक्षिप्त सूचीमा परेका फर्म, संस्था वा कम्पनीबाट मात्र परामर्श सेवा खरिद सम्बन्धी प्राविधिक र आर्थिक प्रस्ताव माग गरिनेछ,

५. संक्षिप्त सूचीमा परेका आशयपत्रदातासँग प्रस्ताव माग गरी छनौट भएको प्रस्तावदातासँग विभागले सम्झौता गरेको मितिले वि.सं. २०७७ असार मसान्तभित्र परामर्श सेवाको सम्पूर्ण काम सम्पन्न गर्नु पर्नेछ,

६. आशयपत्रदाताले आफू कालो सूचीमा नपरेको स्वयं घोषणा गरेको पत्र पेस गर्नु पर्नेछ,

७. रीत नपुगी पेस भएको, म्याद नाघी आएको आशयपत्र उपर कुनै कारबाई गरिने छैन,

८. आशयपत्र छनौट गर्ने, नगर्ने वा सूचना बमोजिमको कार्य स्थगित गर्ने अधिकार यस विभागमा निहित रहनेछ,

९. यस सूचनामा परेका कुराहरू यसै बमोजिम र नपरेका कुराहरू आशयपत्र सम्बन्धी कागजातमा उल्लेख गरे बमोजिम हुनेछ ।

१०. **यो सूचना तथा आशयपत्र पेस गर्ने निर्देशन सहित कागजातको ढाँचा विभागको वेव साइट : www.deoc.gov.np बाट डाउनलोड गर्न सकिनेछ** र

११. यस सम्बन्धी थप कुराहरू बुझ्नु परेमा कार्यालय समयभित्र विभागको मानदण्ड तथा अनुगमन शाखामा सम्पर्क गर्न सकिनेछ ।

**प्रस्तावित कामको विवरण :**

| ठेक्का (परामर्श सेवा) नम्बर | कामको विवरण | काम गर्नुपर्ने स्थान | खर्च बेहोर्ने स्रोत |
|---|---|---|---|
| ०४/०७६/७७ | सहकारी तथा गरिबी सम्बन्धी सूचना प्रणाली (कोपोमिस) अद्यावधिक, मर्मतसम्भार, स्तरोन्नती र सहायता । | सहकारी विभाग, नयाँ बानेश्वर, काठमाडौं । | नेपाल सरकार । |